# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPALITY**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of the Municipal Executive**
महादेवस्थान
**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince,
Nepal


मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय महादेवस्थान, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

**पत्र संख्या :-२०७९/०८०**
**चलानी नं. :- १०४५**

**मिति :२०७९/१०/०३**

**<u>विषय : शिक्षकहरुको स्वैच्छिक अवकास सम्बन्धी सूचना।</u>**

प्रस्तुत विषयमा दशौ नगरसभाद्वारा पारित चालु आ. व. २०७९।८० को नीति तथा कार्यक्रम र बजेटबाट स्वैच्छिक अवकासमा जान चाहने इच्छुक शिक्षकहरुलाई प्रोत्साहन रकमसहित बिदाइ गर्ने नीति अनुसार नगरकार्यपालिकाको मिति २०७९।०९।११ गतेको बैठकको निर्णयानुसार देहाय बमोजिमको सेवा अवधिको आधारमा तपसिलको प्रोत्साहन रकम प्रदान गरिने भएकोले यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत इच्छुक स्थायी तथा राहत शिक्षकहरुबाट मिति २०७९ माघ मसान्तभित्रमा नगरपालिकामा निवेदन पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

**क) स्वेच्छिक अवकासको लागि प्रोत्साहन रकम वितरणका आधारहरु**

**<u>स्थायी शिक्षकको लागि</u>**

| क. स | स्वेच्छिक अवकासको अवधि | प्रोत्साहन रकम |
|---|---|---|
| १ | अनिवार्य अवकास हुन २ वर्षभन्दा बढी ३ वर्षभन्दा कम अवधि भएको | १,००,०००। |
| २ | अनिवार्य अवकास हुन ३ वर्षभन्दा बढी ४ वर्षभन्दा कम अवधि भएको | १,५०,०००। |
| ३ | अनिवार्य अवकास हुन ४ वर्षभन्दा बढी अवधि भएको | २,००,००० |

**<u>ख) स्थायी शिक्षक स्वेच्छिक अवकासका आधारहरु</u>**

१.स्थायी सेवा अवधि २० वर्ष पूरा भएको हुनु पर्नेछ ।
२. ५० वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।
३. स्वेच्छिक अवकासमा जान चाहने शिक्षकले शिक्षा विकास तथा समन्वय इकाईबाट राजीनामा दिइएको राजीनामा स्वीकृतको पत्र पेस गर्नुपर्नेछ ।
४.विगत १ वर्षभित्र विभागीय सजाय नपाएको हुनु पर्नेछ ।
५.निवेदन साथ नागरिकता प्रमाण पत्र, स्थायी नियुक्ति पत्र, विद्यालयबाट प्रमाणित सेवा अविछिन्नताको पत्र, शैक्षिक योग्यताका प्रमाण पत्रहरु, विद्यालयको सिफारिस पत्र र राजीनामा स्वीकृत पत्र पेस गर्नु पर्नेछ ।

**<u>ग) राहत शिक्षकको स्वेच्छिक अवकासका लागि</u>**

१) नियुक्ति मितिदेखि अवकास मितिसम्मको प्रत्येक वर्षलाई २ महिना बराबरको अवधि मानी हुन आउने रकम गोल्डेन ह्यान्सेकका रुपमा प्रदान गर्ने ।

**<u>घ) राहत शिक्षकको लागि आवश्यक कागजातहरु</u>**

१) राहत करार नियुक्ति पत्र ।
२) विद्यालयबाट स्वीकृति गरिएको राजीनामा पत्र ।
३) विद्यालयबाट प्रमाणित सेवा अविछिन्नताको पत्र ।
४) नागरिकता प्रमाण पत्रसहित शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।
५) विद्यालयको सिफारिस पत्र ।

.................०६३।१०।३

(डिकबहादुर राई)
उपसचिव

**उपसचिव (दशौं)**